नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि क्षेत्र विकास कार्यक्रम

विरेन्द्रनगर, सुर्खेत

## निर्माण कार्यमा महिला सहभागिता तथा महिला मैत्री कार्यस्थल सम्वन्धी कार्य संचालन निर्देशिका, २०७८

### १. पृष्ठभूमी

नेपालको संवैधानिक व्यवस्था अनुरुप सवै प्रकारका विभेद र उत्पीडन (लैङ्गिक विभेद र सवै प्रकारका वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक विभेद) को अन्त्य गर्ने संकल्प गरिएको र राज्यका सवै निकायमा समानुपातिक सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, शिक्षा सम्वन्धी हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक, जेष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक जस्ता मौलिक हकहरुको प्रत्याभूत गरेको छ। त्यसै गरि महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रीय सन्धी अभिसन्धीहरुमा हस्ताक्षर गरि प्रतिवद्धता जनाएको छ। यसरी लैङ्गिक तथा सामाजिक भेदभावहरु अन्त्य गर्नको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका विभिन्न प्रतिवद्धताहरु, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१, यस कृषि क्षेत्र विकास कार्यक्रमको विकास साझेदार संस्था- कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को लैङ्गिक समानता तथा महिला सशक्तिकरण र यौन दुर्व्यवहार नियन्त्रण नीतिहरुले महिला सशक्तिकरण, लैङ्गिक समानता, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण तथा मर्यादित र स्वच्छ कार्य वातावरण सृजना गर्नका लागि नीतिगत रुपमा प्रसस्त आधारहरु हुँदाहुँदै पनि व्यहारगत रुपमा सार्वजनिक तथा समुदायिक भौतिक निर्माणका कार्यस्थलहरुमा लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहारका घटनाहरु, जागिरको असुरक्षा/काम खोसिने डर, बच्चाहरुको असुरक्षा, ज्यालामा विभेद, महिलाहरुको न्यून सहभागिताका कारण एक्लोपनाको महशुष तथा आफ्ना आवाज उठाउन नसक्ने अवस्था र महिलाहरुको आवाज नसुनिने अवस्था जस्ता कारण महिला मैत्री कार्यस्थलको अभाव देखिने गरेको यथार्थतालाई मध्यनजर गरी यस कृषि क्षेत्र विकास कार्यक्रमले यस कार्यक्रमको सहयोगमा संचालित कुनै पनि सार्वजनिक तथा सामुदायिक निर्माणका कार्यस्थललाई महिला मैत्री कार्यस्थल बनाउन आवश्यक ठानी यो "**निर्माण कार्यमा महिला सहभागिता तथा महिला मैत्री कार्यस्थल सम्वन्धी कार्य संचालन निर्देशिका, २०७८**" तयार गरि लागु गरिएको छ ।

### २. संक्षिप्त नाम र प्रारम्भ

२.१ यस निर्देशिकाको नाम "निर्माण कार्यमा महिला सहभागिता तथा महिला मैत्री कार्यस्थल सम्वन्धी कार्य संचालन निर्देशिका, २०७८" रहेको छ ।

२.२ यो निर्देशिका यसै आर्थिक बर्ष २०७८/७९ देखि लागु हुने छ।

### ३. परिभाषा

३.१ "कार्यक्रम" भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालित कृषि क्षेत्र विकास कार्यक्रम, कार्यक्रम समन्वय कार्यालय तथा यस मातहतका कार्यालयलाई समेत जनाउछ।

३.२ “निर्माण कार्यमा महिला” भन्नाले कृषि क्षेत्र विकास कार्यक्रमको सहयोगमा निर्माण हुन लागेको कुनै पनि सामुदायिक वा सार्वजनिक भौतिक पूर्वाधार निर्माण स्थलमा काम गर्ने महिला कर्मचारी वा कामदार भन्ने सम्झनु पर्छ।

३.३ “कामदार” भन्नाले कार्यक्रमको सहयोगमा संचालित सामुदायिक वा सार्वजनिक निर्माण कार्य स्थल वा सो कार्यका लागि प्रयोग भएको घर, जग्गा वा मेशिनरीमा कार्य गर्ने व्यक्ति वा त्यस्तो कार्यसंग सम्वन्धित काम गरे वापत पारिश्रमिक दिई काम लगाईएको व्यक्ति सम्झनु पर्छ।

३.४ “निर्माण क्षेत्रको कार्यस्थलल” भन्नाले यस कृषि क्षेत्र विकास कार्यक्रमको सहयोगमा संचालित कुनै पनि सामुदायिक वा सार्वजनिक निर्माण कार्य भईरहेको स्थानहरु वा सो कार्यका लागि प्रयोग भएको घर, जग्गा वा निर्माण व्यवसायीको कार्यालय वा त्यस्तो कार्यसंग सम्वन्धित समूह/सहकारीहरुको कार्यालय आदिलाई सम्झनु पर्छ।

३.५ “लैङ्गिक विभेद” भन्नाले लिङ्गको आधारमा गरिने भेदभाव भन्ने बुझिन्छ। लैङ्गिक विभेद महिला र पुरुष दुवै उपर हुने भए पनि नेपालको वर्तमान सन्दर्भमा हेर्दा महिला नै बढी यसको शिकार हुनुपरेको देखिन्छ जस्तै: महिलालाई कम ज्याला दिने, शिक्षा स्वास्थ्य क्षमता विकास तथा निर्णायक अवसरहरुबाट बञ्चित गराउने आदि।

३.५ “लैङ्गिक हिंसा” भन्नाले लिङ्गको आधारमा शारीरिक, मानसिक क्षति वा पिडा पुर्याउने कार्य अर्थात लिङ्गको आधारमा गरिने कुनै पनि प्रकारको अपमानजनक, पिडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारि रुपमा महिला, पुरुष वा तेस्रो लिङ्गीलाई उनीहरुको अधिकार वा अवसरबाट बञ्चित गर्ने कार्यलाई जनाउछ।

३.६ “यौनजन्य दुर्व्यवहार” भन्नाले अर्को व्यक्तिलाई अस्वीकार्य हुने गरि यौनजन्य मनसायले गरिने आचरण भन्ने बुझ्नु पर्छ।

३.७ “कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार” भन्नले कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरि कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा; अश्लिल तथा यौनजन्य क्रियाकलापसंग सम्वन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा; लेखेर, बोलेर वा इशाराले अश्लित तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा; यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा; र यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार भएको भन्ने बुझ्नु पर्छ।

## ४. कार्यक्रमले निर्माण कार्यमा महिला सहभागिता र महिला मैत्री कार्यस्थल बनाउनका लागि गर्नुपर्ने कार्यहरु

४.१ यस कृषि क्षेत्र विकास कार्यक्रमका कुनै पनि कर्मचारी, साझेदार संस्था, निर्माण व्यवसायी र कामदारहरुले यस कार्यक्रमको सहयोगमा संचालित सामुदायिक तथा सार्वजनिक निर्माणका काम गर्दा लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार गर्न गराउन र यस्ता दुर्व्यवहार हुने वातावरण सिर्जना गर्न पाईने छैन,

४.२ निर्माण क्षेत्रको कार्यस्थलमा लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार हुन नदिन यस कार्यक्रमका कर्मचारीहरु, निर्माण कार्यमा संलग्न कामदारहरु, निर्माण व्यवसायीहरु र व्यवस्थापन पक्ष विच खुल्ला छलफल हुने वातावरण मिलाउने,

४.३ निर्माण क्षेत्रको कार्यस्थलका कामदार तथा कर्मचारीहरु र स्थानीय समुदायहरूमा एचआईभी सहित यौन संचारित संक्रामक रोगहरु, लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार विरुद्ध जनचेतना जगाउने खालका जानकारीमूलक लिखित सामग्रीहरु जस्तै: पोष्टर तथा लिफलेटहरु वितरण गर्ने, महिला कामदारका अधिकार, मानव अधिकार, श्रमिक ऐन आदिका बारेमा समय समयमा अभिमुखिकरण तालिम, गोष्ठी तथा बैठकहरु मार्फत जानकारीहरु गराउने,

४.४ निर्माण क्षेत्रको कार्यस्थलमा कार्यरत महिला कामदारहरुको लागि छुट्टै शौचालयको व्यवस्थापन र शौचालयमा पानीको व्वस्थापन गर्ने गराउने,

४.५ महिला, पुरुष, सवै वर्ग र जातजातीका कामदारहरुमा समान कामका लागि समान ज्यालाको सुनिश्चतता गर्ने गराउने,

४.६ निर्माण क्षेत्रको कार्यस्थलमा महिला कामदारहरुलाई बेलुका अवेर सम्म काम गराएमा सुरक्षितपूर्वक आफ्नो नियमित बासस्थान सम्म पुर्याउने व्यवस्था गर्ने गरउने।

४.७ निर्माण कार्यमा संलग्न कामदारहरुको कामको प्रकृति हेरी शारीरिक सुरक्षा सामग्रीहरु र स्वास्थ्य सम्वन्धि प्राथमिक उपचारका सामग्रीहरु (First- Aid Kit) को व्यवस्था गर्ने गराउने।

४.८ भारी वस्तुहरू बारम्बार उठाउँदा पछाडि ढाड दुख्ने समस्या हुन सक्ने कुरालाई मध्यनजर गर्दै निर्माण कार्यमा प्रयोग हुने औजार तथा उपकरणहरु खरिद गर्दा महिला मैत्री औजार उपकरणहरुलाई पनि प्राथमिकता दिने,

४.९ गर्भवती महिलाहरूको लागि रसायनहरूको जोखिम बढि हुने र गर्भावस्थाको पछिल्लो चरणहरूमा लामो समय सम्म उभिन, गह्रौ भारी उठाउने र तल माथि चढ्ने झर्ने जस्ता कडा गतिविधिहरू खतरा हुन सक्ने भएकाले गर्भावस्थामा सकेसम्म तुलनात्मक रुपमा सजिलो र कम खतरा भएका स्थानमा काम लगाउने वातावरण मिलाउने,

४.१० स्तनपान गराईरहेका (३ वर्ष भन्दा कम उमेरका बच्चा भएका) महिला कामदारहरुको लागि स्तनपान कक्ष र सुशक्षित शिशु स्याहार कक्ष बनाउनको लागि सहजीकरण गरि बनाउने वातावरण सृजना गर्ने,

४.११ निर्माण स्थलमा काम गर्ने कामदारहरुलाई श्रम ऐन २०७४ मा तोकिएको समय भन्दा बढि समय काम लगाएमा नियमानुसार थप पारिश्रमिकको व्यवस्थाका साथै राष्ट्रिय कानूनमा परिभाषित गरिए अनुसार कुनै पनि बाध्यत्मक श्रम र बाल श्रम निषेध गर्ने गराउने,

४.१२ निर्माण क्षेत्रको कार्यमा महिलाहरु र सिमान्तकृत तथा पिछडिएका जातजाती हरुको सहभागिता अभिवृद्धि गराउन प्रोत्साहन गर्ने र महिला कामदारहरुलाई उनीहरुको सिप, क्षमता र वृत्ति विकासका क्रियाकलापहरुमा सहभागिता गराउने,

४.१३ कर्मचारीहरु, निर्माण व्यवसायीहरु, पुरुष तथा महिला कामदारहरु र लाभग्राहीहरु बिच गरिने बोली व्यवहारमा लैङ्गिक संवेदनशील र शिष्टाचारयुक्त भाषा प्रयोग गर्ने गराउने,

४.१४ लैङ्गिक हिंसा वा यौनजन्य दुर्व्यवहारका घटना भएको पाईएमा तत्काल छानविन गरि दोषीलाई कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन २०७१ तथा अन्य प्रचलित नियम कानून अनुसार कारवाहि गर्ने।

## ५. निर्देशिकाको पालना गर्नु पर्ने

५.१ यस निर्देशिकाको पालना कार्यक्रमका सवै कर्मचारीहरु, साझेदार संस्थाहरु, सेवाग्राहीहरु, निर्माण व्यवसायीहरु र कामदारहरुले गर्नुपर्नेछ,

५.२ यस निर्देशिकाको पालना गर्ने गराउने कर्तव्य कार्यक्रमको हुनेछ र निर्देशिकाको पालना भए नभएको अनुगमन कार्यक्रमको तहबाट कार्यक्रम संयोजकले र मन्त्रालय तहबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खटाएका कुनैपनि व्यक्तिले गर्न सक्नेछन्,

५.३ यस निर्देशिकालाई कार्यक्रमको जीवन्त दस्तावेजको रुपमा लिईएको छ र यसको कार्यान्वयनका क्रममा भएका सिकाईहरुको आधारमा जुनसुकै समयमा परिमार्जन गर्न सकिनेछ।